आज मिति २०८२ साल मंशिर ३ गते मंगलबारको दिन दिउसो १२:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को सातौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

**उपस्थिती:**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| | | | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: ताम्कु प्राथामिक अस्पताल ५शैया भवन निर्माण योजनाको लागत अनुमान स्वीकृत तथा ठेक्का आह्वन सम्बन्धमा ।

प्रस्ताव नं. ३: नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पेश सम्बन्धमा ।

प्रस्ताव नं. ४: एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ५: आ.व. २०८२/८३ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित आयोजना माग तथा लक्षित वर्ग छनौट र आयोजना संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ६: जेष्ठ नागरिकलाई स्वास्थ्य कर्मी तथा जनप्रतिनिधिहरुबाट घरदैलो उपचार तथा भेटघाट कार्यक्रम र जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ७: बालाली युथ ग्रुप संस्था दर्ता अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ८:स्वतन्त्र पेन्ति कोष्टल मण्डली संस्था दर्ता सम्बन्धमा ।

प्रस्ताव नं. ९:करार कर्मचारीहरुको संचय कोषको रकम निकासा अनुमति सम्बन्धमा ।

प्रस्ताव नं. १० कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ११:आर्थिक सहायता सम्बन्धमा ।

निर्णयहरु:

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णय: आर्थिक वर्ष २०८२/८३ को छैठौं बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २: ताम्कु प्राथामिक अस्पताल ५शैया भवन निर्माण योजनाको लागत अनुमान स्वीकृत तथा ठेक्का आह्वन सम्बन्धमा ।**

निर्णय नं.१ प्रस्ताव नं. २ उपर छलफल गर्दा संघीय समपुरक अनुदान साझेदारी अन्तर्गत ताम्कु प्राथामिक स्वास्थ्य केन्द्र ( PHC ) ५ शैया भवन निर्माण आयोजनाको रु.६,९९,४६,१०६/८५( अक्षेरुपी छ करोड उनान्सय लाख छयालीस हजार एक सय छ रुपैया पचासी पैसा मात्र) लागत अनुमान स्वीकृत गरी ३ आर्थिक वर्षमा सम्पन्न हुने गरी ठेक्का आह्वान गर्ने सर्वसहमतिले निर्णय गरियो । साथै उक्त योजना वहुवर्षिय आयोजना आर्थिक वर्ष २०८२/८३ देखि २०८४/८५ सम्म ३ बर्ष सम्म सम्पन्न हुने गरी च.न. ९५३ तथा मिति २०८१/११/१२ गतेको पत्रमार्फत राष्ट्रिय योजना आयोगमा पेश भएको र योजना आयोगबाट ३ वर्षकै स्रोत सुनिश्चितताको पत्र हालसम्म आधिकारिक रुपमा नभएतापनि आगामी आर्थिक वर्षहरुमा स्रोत सुनिश्चितताको लागि राष्ट्रिय योजनामा पहल गर्ने तथा सुनिश्चित नभएमा गाउँपालिकाले व्यहोर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं.२ ताम्कु प्राथामिक स्वास्थ्य केन्द्र ( PHC ) ५ शैया भवन निर्माण आयोजनाको पुर्व स्वीकृत डिजाइन, ड्रइङ तथा डिपिआर रकम रु.१०,५३,३३,८२०/०९( अक्षेरुपी दश करोड त्रिपन्न लाख तेत्तीस हजार आठ सय बीस रुपैया नौ पैसा ) स्वीकृत भएको भएता पनि आधारभुत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका,२०७७ बमोजिमको सिमामा रहेर लागत अनुमान स्वीकृत गरी ठेक्का आह्वान गर्दा Retaining Wall,Physical Contigency, price Adjustment, General Contigency

२०८२/०८/०४

बाहेकको लागत अनुमान स्वीकृत भइ आधारभुत भवन निर्माणको Item हरु छुट भई निर्माणाधिन भवन सम्भावित जोखिम न्यूनीकरण गर्नका लागि आगामी आर्थिक वर्षमा बजेट सुनिश्चितता गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ३ः नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पेश सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय कोशी प्रदेशको मिति २०८२/७/१७ मा नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणापत्र पेश सम्बन्धी सूचना अनुसार नवप्रवर्तन साझेदारी परियोजना संचालन कार्यविधि २०८२ ले अनुसूची ३ मा तोकेका ११ वटाँ नवप्रवर्तनका विषयक्षेत्रहरु मध्ये प्रविधिमा आधारित शिक्षा, स्वास्थ्य,खानेपानी,नवीकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन अन्तर्गत फोहोरमैला व्यवस्थापन छनोट गरी अवधारणापत्र पेश गर्ने तथा लागत साझेदारीको विषयमा आगामी कार्यपालिका तथा गाउँसभामा पेश गर्ने सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ४ः एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।**

निर्णयःश्री ताम्कु प्राथामिक स्वास्थ्य केन्द्रले संचालन तथा व्यवस्थापन गर्दै आएको एम्बुलेन्सको सम्बन्धमा उक्त स्वास्त्य केन्द्रको च.न. ३६, मिति २०८२/०७/२६ को पत्रमार्फत एम्बुलेन्स संचालनको आर्थिक कारोबार हस्तानान्तरण सम्बन्धी पत्रको सम्बन्धमा आजकै मितिदेखि गाउँपालिका, अस्पताल व्यवस्थापन समितिले संचालन तथा व्यवस्थापन गर्ने र राजश्व संकलन तथा खर्च व्यवस्थापन गाउँपालिकाले गर्ने सर्वसहमतिले निर्णय पारित गरियो।

**प्रस्ताव नं. ५ः आ.व. २०८२/८३ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित योजना माग तथा लक्षित वर्ग छनोट र आयोजना संचालन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित योजना माग तथा लक्षित वर्ग छनोट र योजना संचालन सम्बन्धमा मंशिर मसान्त भित्र योजना छनोट गरी पेश गर्न सबै वडा कार्यालयहरुमा परिपत्र गर्ने निर्णय सर्वसहमतिले पारित गरियो साथै तपशिलका वडाहरुमा तपशिल बमोजिमका रोजगारदाताहरु छनोट गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

वडा नं १ ८ जना ,वडा नं २ ७ जना,वडा नं ३ ७ जना ,वडा नं ४ ५जना ,वडा नं ५ ५ जना ।

**प्रस्ताव नं. ६ः जेष्ठ नागरिकलाई स्वास्थ्य कर्मी तथा जनप्रतिनिधिहरुबाट घरदैलो उपचार तथा भेटघाट कार्यक्रम र जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस गाउँपालिकाबाट स्वीकृत बजेटको सिमाभित्र रही जेष्ठ नागरिकलाई स्वास्थ्य कर्मी तथा जनप्रतिनिधिहरुबाट घरदैलो उपचार तथा भेटघाट कार्यक्रम अन्तर्गतः आधारभूत स्वास्थ्य चेकजाँच गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

२०८२/०८/०८

प्रदिप राई
प्रमुख प्रशासकीय अधिकृत

जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत:
७५वर्ष माथिका जेष्ठ नागरिकहरुलाई आधारभुत स्वास्थ्य चेकजाँच सँगै स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरुबाट मंशिर महिनाभित्र इलेक्ट्रिक जग वितरण गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ७: बालाली युथ ग्रुप संस्था दर्ता अनुमोदन सम्बन्धमा ।**
निर्णय: प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा श्री बालाली युथ ग्रुपले मिति २०८२/०७/२१ गते ३ प्रति विधान सहित गाउँसभाले स्वीकृत गरेको संस्था दर्ता ऐन, २०७९ बमोजिम सम्पूर्ण कागजात हरु सहित संस्था दर्ताको लागि निवेदन दिएको र सो सम्बन्धमा आगामी कार्यपालिकाले अनुमोदन गर्ने गरी २०८२/०७/२१ गते संस्था दर्ताको प्रमाणपत्र दिइएको कार्यालयको निर्णयलाई सर्वसहमतिले अनुमोदन गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ८:स्वतन्त्र पेन्टि कोष्टली मण्डली संस्था दर्ता सम्बन्धमा ।**
निर्णय: प्रस्ताव नम्र ८ उपर छलफल गर्दा श्री **स्वतन्त्र पेन्ति कोष्टलले** मिति २०८२/०७/२४ गते संस्था दर्ताका लागि निवेदन दिइएको सो सम्बन्धमा उक्त संस्थाले पेश गरेको विधान अध्ययन गर्दा विधानका उदेश्य र कार्यक्षेत्र संशोधन तथा गाउँसभाले स्वीकृत गरेको संस्था दर्ता ऐन, २०७९ बमोजिम सम्पूर्ण कागजात हरु पेश गर्न लगाई संस्था दर्ता गरी संस्था दर्ताको प्रमाणपत्र दिने र आगामी कार्यपालिकामा अनुमोदन गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ९:करार कर्मचारीहरुको संचय कोषमा जम्मा भएको रकम सम्बन्धमा ।**
निर्णय:करार कर्मचारी कल्याण कोष सम्बन्धी कार्यविधि, २०७६ बमोजिक आर्थिक वर्ष २०७६/७७ देखि १३ जना करार कर्मचारी हरुको मासिक तलबको १० प्रतिशत कट्टा गरी पालिकाले १० प्रतिशत थप गर्दै आएकोमा यस आर्थिक वर्षमा स्रोतको सुनिश्चितताको अभाव देखिएकोले कट्टा नगर्ने तथा निज कर्मचारीहरुको संचयकोष खातामा हालसम्म जम्मा भएको रकम फिर्ता गर्न सिफारिस माग गरे सिफारिस गरिदिने सर्वसहमतिले निर्णय पारित गरियो।

**प्रस्ताव नं. १०:कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**
निर्णय नं. १ भ्याकुलोहडर/ हेभी सवारी चालक श्री सुरेश तामाङ पारिवारिक समस्याको कारणले यस गाउँपालिकामा करार सम्झौताबमोजिम कार्यसम्पादन गर्न तत्काल कार्यालयमा उपस्थित हुन नसकेको सन्दर्भमा सबै वडा कार्यालयहरुबाट बाटो तत्काल मर्मत तथा सरसफाइको लागि भ्याकुलोडरको माग भइ आएको तथा चर्को जनदवावलाई थेग्न तत्काल मर्मत तथा सरसफाई कार्य सूचारु गर्नु पर्ने भएकोले निजसँगको आजकै मितिबाट करार सम्झौता रद्ध गरी पुन:अर्को नियुक्ति प्रक्रिया अघि बढाउने सर्वसहमतिले पारित गरियो।

२०८२/०८/०४

**निर्णय नं. २** एक गाउँ एक पशु प्राविधिक कार्यक्रम अन्तर्गतकको सहायकस्तर चौथो तह, स्थानीय कृषि/ ला.पो.डे.डे.सेवाका कर्मचारी अभावले कार्यसम्पादनमा व्यवस्थापन गर्न असहज भएकोले तत्काल नियुक्ति प्रक्रिया अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो।

**निर्णय नं. ३** स्वास्थ्य संवेदनशिलतालाई मध्यजनर गरी मातृ तथा नव शिशु कार्यक्रम अन्तर्गतको २४ घण्टे एक जना अ.न.मी. तथा स्वीकृत रिक्त दरबन्दि भित्रको एक जना अ.हे.व. तथा एक जना अ.न.मी.को तत्काल पदपुर्ति गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ११ःआर्थिक सहायता सम्बन्धमा ।**

**प्रस्ताव नं. ११** उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नम्बर ५ स्थायी ठेगाना भएका गाउँसभा सदस्यःश्री छत्र कुमार राई घातक रोगबाट ग्रसित भई किष्ट अस्पताल काठमाडौंमा उपचारत रहेको विषयलाई मध्यनजर गरी निजको उपचार सहयोगका लागि निजलाई रु.५०,०००/- (अक्षेरुपी पचास हजार रुपैया मात्र) विपद् राहत शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्वसहमतिले पारित गरियो ।

२०७४/०८/१०८

प्रतिमा राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तामाफोक, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३